मितिः २०८२/०७/१७
समयः बिहान ८.०० बजे
स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

## अन्य उपस्थिती:-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री आनन्द कुमार खड्का | वरिष्ठ लेखा अधिकृत | |
| २ | श्री कञ्चन खनाल | प्राविधिक शाखा प्रमुख | |
| ३ | श्री सुनिल आचार्य | वरिष्ठ शाखा अधिकृत | |
| ४ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | |
| ५ | श्री स्वस्तिका अर्याल | शाखा अधिकृत | |
| ६ | श्री सागर खत्री | कम्प्युटर अपरेटर | |
| ७ | श्री प्रदिप लामिछाने | अधिकृत छैठौं | |
| ८ | | | |
| ९ | | | |

## प्रस्ताव:-

१. अर्थ मन्त्रालयबाट प्राप्त निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धी पत्रको सम्बन्धमा ।

२. राष्ट्रिय नागरिक अभियानबाट मिति २०८२/०६/३१ मा प्राप्त ज्ञापन पत्र सम्बन्धमा ।

३. इन्धन सुविधा सम्बन्धमा ।

४. विविध ।

## निर्णयहरूः

निर्णय नं. १

गत मिति २०८२/०६/२६ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २

यस नगरपालिकामा मिति २०८२/०६/३१ गते राष्ट्रिय नागरिक अभियानले भ्रष्टाचार निवारण, सुशासन, कानूनी राज्य, जवाफदेहिता, पारदर्शिता र विकास निर्माणका सम्बन्धमा बुझाएको ज्ञापन पत्रको जानकारी भयो ।

निर्णय नं. ३

नागार्जुन नगरपालिकामा तपसिलमा उल्लेखित कम्पनीहरूले (घ) वर्गको इजाजत पत्र दर्ताका लागि निवेदन दिएकोमा अनुगमन समितिको विभिन्न मितिमा भएको निर्णयबाट उपयुक्त देखि अनुमति पत्रका लागि नगर कार्यपालिकामा पेश भएका निम्न कम्पनीहरूलाई (घ) वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

१. श्री फेयर फास्ट कन्स्ट्रक्सन प्रा.लि., नागार्जुन न.पा. ६, काठमाडौं ।

२. श्री जि.फोर. कन्स्ट्रक्सन कम्पनी प्रा.लि., नागार्जुन न.पा. ४, काठमाडौं ।

३. श्री नेत्र कन्स्ट्रक्सन प्रा.लि., नागार्जुन न.पा. ३, काठमाडौं ।

निर्णय नं. ४

यस नगरपालिका बसोबास गर्ने तपसिलमा उल्लेखित व्यक्तिहरूको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको हुँदा स्वास्थ्य उपचार गर्न आर्थिक सहायता पाउँ भनि निवेदनमा माग भए अनुसार निम्न बमोजिमको आर्थिक सहयोग नागार्जुन नगरपालिकाको खर्च शिर्षक नं. २७२१९ अन्य सामाजिक सहायता शिर्षकबाट खर्च हुने गरी निवेदकहरूलाई भुक्तानी दिने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | नाम, थर | ठेगाना | रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १. | कविता महत | ना.न.पा. ७ | ५,००० | |

निर्णय नं. ५

यस नगरपालिकाको लागि नगर प्रहरी पदपूर्ति समिति गठन भई नगर प्रहरी पदपूर्ति कार्य अगाडि बढि रहेको सन्दर्भमा उल्लेखित पदपूर्ति समितिको खर्च तथा अन्य खर्च लोक सेवा आयोगले निर्धारण गरेको सेवा सुविधा सरह भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ६

यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित संघसंस्थाहरूबाट निम्न कार्यक्रम सञ्चालन गर्नको लागि बजेट माग गरी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उल्लेखित कार्यहरू गर्नको लागि निम्न शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यक्रमहरू सञ्चालन तथा सामाग्रीहरू खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

सामाग्रीहरू माग तर्फ

| सि.नं. | निवेदकको नाम | कार्यक्रम/माग | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | कालिटार खानेपानी तथा सरसफाई उ.स., वडा नं. ७ | २ इन्चको १०० मिटर कालो पाईप र १.५ इन्चको ८०० मिटर खानेपानी पाईप | ढल, पाईप, पानी टयांकी खरिद (३११५९) | स्वीकृत माग फाराम अनुसार |
| २ | रामकोट वडा नं. ५ र ६ खानेपानी तथा सरसफाई उ.स. वडा नं. ६ | ६३ एम.एम.को ५५० मिटर पाईप | | स्वीकृत माग फाराम अनुसार |
| ३ | मुक्तेश्वर मन्दिर संरक्षण समिति, वडा नं. ८ | बाध्यबाधनको सामाग्री | साँस्कृतिक बाजा खरिद (२२५२२) | स्वीकृत माग फाराम अनुसार |
| ४ | दुर्गा नगर कोलोनी, वडा नं. ९ | बाध्यबाधनको सामाग्री | | स्वीकृत माग फाराम अनुसार |
| ६ | कोटेश्य भैरव महिला समूह, वडा नं. ६ | बाध्यबाधनको सामाग्री | | स्वीकृत माग फाराम अनुसार |

निर्णय नं. ७

जिल्ला प्रशासन कार्यालय, काठमाडौंको प.सं. २०८२/०८३, च.नं. ८१५, मिति २०८२/०७/१३ गतेको पत्रबाट गत भाद्र २३ र २४ गते भएको जेन जी आन्दोलनमा भवन तोडफोड र आगजनीबाट उल्लेखित कार्यालय जलेर ध्वस्त भएको र अन्य स-साना भवनहरूमा समेत क्षति पुगेकोले साविकको नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानीको सेवा प्रवाह गर्ने Annex भवनहरूको तत्काल मर्मत संभार गर्नको लागि रकम माग भई आएकोमा उक्त कार्यको लागि आन्तरिक तथा अन्तिम लेखा परिक्षण र नियामक निकायहरूको उत्तरदायित्व समेत सोही कार्यालयबाट बहन हुने गरी रू.९,५०,०००/- (नौ लाख पचास हजार) प्रकोप व्यवस्थापन कोषबाट अनुदान स्वरूप रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ८

जिल्ला प्रशासन कार्यालय, काठमाडौंको प.सं. २०८२/०८३, च.नं. ७२४, मिति २०८२/०६/२७ गतेको पत्रबाट गत भाद्र २३ र २४ गते भएको जेन जी आन्दोलनको क्रममा मृत्यु भएका श्री कान्छि नगरकोटीको परिवारका छोरा श्री सुशिल नगरकोटी (मृतकको छोरा) वर्ष १६ कक्षा १० मा अध्ययनरत, (श्री सिता बालविकास गैरीगाउँ, स्वयम्भू) लाई यस नगरपालिकाको आन्तरिक श्रोतबाट दायित्व बहन गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु हुन भनि लेखि आएकोले यस नगरपालिकाको छात्रवृत्ती स्वरूप मासिक रू.३,०००/- (तिन हजार) शिर्षकको खर्च शिर्षक नं. २७२११ मा विनियोजित बजेटबाट खर्च हुने गरी निजको पठनपाठनको वार्षिक शुल्क भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ९
जिल्ला प्रशासन कार्यालय, काठमाडौंको प.सं. २०८२/०८३, च.नं. ७३१, मिति २०८२/०६/२८ गतेको पत्रबाट गत भाद्र २३ र २४ गते भएको जेन जी आन्दोलनको क्रममा मृत्यु भएका श्री सौरन श्रेष्ठको परिवारका छोरा श्री श्रेयन किशोर श्रेष्ठ (मृतकको छोरा) वर्ष ५ कक्षा UKG मा अध्ययनरत, (श्री सम्पदा पाठशाला, बनस्थली) लाई यस नगरपालिकाको आन्तरिक श्रोतबाट दायित्व बहन गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु हुन भनि लेखि आएकोले यस नगरपालिकाको छात्रवृत्ती स्वरूप मासिक रू.३,०००/- (तिन हजार) शिर्षकको खर्च शिर्षक नं. २७२११ मा विनियोजित बजेटबाट खर्च हुने गरी निजको पठनपाठनको वार्षिक शुल्क भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १०
नागार्जुन नगरपालिकाबाट ठेक्का आह्वानबाट सञ्चालन भईरहेका आयोजनाहरु, परामर्शदाताहरुको कार्य विभिन्न कारण समयमा सम्पन्न हुन नसकेका तपशिल बमोजिमका योजानाहरु तथा परामर्श कार्यहरुको म्याद थप गर्ने निर्णय गरीयो।

तपसिलः

| क्र.स | योजनाहरुको विवरण | निर्माण व्यवसायी /परामर्शदाता को नाम | म्याद थपको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | Nagarjun/NCB/W/42/2081-82 Nikunja Cheu Tinghare Mandir hudai Chautara pugne Padmarga Nirman | Great Construction Pvt. Ltd., Gothatar, Bhaktapur | माघ मसान्त सम्म | |
| २ | Nagarjun/NCB/W/31/2080-81 Ward no 6 Jhilli Khola Culvert Nirman, Umagaun,Simdhara, Hakyachautara and Ramkot Barko Bot Road Upgrading Works | Shankha-Banshagopal-Laliguras JV | मंसिर मसान्त सम्म | |
| ३ | Brief Environmental Study of Ichangunarayan Water Supply Project, ward no.3", Kathmandu | Geospatial and Environmental Solutions Pvt. Ltd. Suryabinayak - 2, Bhaktapur | मंसिर मसान्त सम्म | |
| ४ | Nagarjun Municipality Introduction Video making | Satya Sanchar Pvt. Ltd. | मंसिर मसान्त सम्म | |
| ५ | Nagarjun/NCB/W/36/2079-80 Syuchatar Water Supply Project | Vision-Doleshwor JV Anamnagar-10, Kathmandu | पुस मसान्त सम्म | |
| ६ | Nagarjun/SQ/W/Re-08/2081-82 Rimal Tole Road Upgrading Works ward no. 3 | Duncon Construction, Bhaisepati-25, Lalitpur | असोज मसान्त सम्म | |

निर्णय नं. ११
प्रदेश विपद् व्यवस्थापन परिषद्को मिति २०८२/०३/०९को बैठकको निर्णयानुसार नागार्जुन न.पा तल्लो टौकिकल बस्ती संरक्षण तथा पहिरो नियन्त्रण वडा नं.६ मा दश लाख रकम स्वीकृत भएकोमा सो बमोजिम आवश्यक लागत अनुमान तथा ड्रईङ डिजाईन सहितको प्राविधिक प्रतिवेदन तथा अन्य कागजात आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमति प्रदेश पठाउने निर्णय गरियो।

निर्णय नं. १२
यस नगरपालिका अन्तर्गत वडा नं. ३ स्थित रातोमाटे जाने बाटोमा पहिरो नियन्त्रणको लागि रिटेनिङ्ग वाल निर्माण उ.स. गर्नको लागि रकम रू.२,००,०००/- (दुई लाख) यस नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा विनियोजित बजेटबाट खर्च हुने गरी सम्झौता प्रक्रिया अगाडि बढाउने गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

यस नगरपालिका अन्तर्गत वडा नं. ३ स्थित पाँचधारा मुल संरक्षण तथा खानेपानी उपभोक्ता समितिमा नगरपालिकाबाट डिप बोरिङ्ग कार्य भएकोमा उक्त डिप बोरिङ्गबाट खानेपानी सञ्चालन गर्नको लागि आवश्यक सामाग्री खरिद गर्न प्राविधिक लागत अनुमान बमोजिम रू.१०,००,०००/- (दश लाख) यस नगरपालिकाको विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

नागार्जुन नगर अस्पतालको बिमा फार्मेसीमा रहेका औषधीहरू बिमा दाबि बाहेकका बिरामीहरूलाई बिक्री वितरण गर्दा ~~खरिद मूल्यको~~ MRP को १० प्रतिशतसम्म छुट दिई बिक्री गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

नागार्जुन नगर अस्पताल हाल २४ सै घण्टा सञ्चालन हुँदै आईरहेकोमा यस अस्पतालमा फार्मासिस्ट पदमा १ जना मात्र कार्यरत रहेकोले २४ सै घण्टा सेवा सञ्चालन गर्न असुविधा तथा अव्यवहारिक भएकोले थप १ जना फार्मासिस्ट करार सेवामा लिनको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

नागार्जुन नगर अस्पतालबाट सुत्केरी सेवा सञ्चालन गर्नको लागि भवन तयार भई सकेकोले आवश्यक पूर्वाधारको व्यवस्थापन गरी उक्त सेवा समेत सुचारू गर्ने निर्णय गरियो ।

निर्णय नं.१७

नागार्जुन नगर अस्पतालमा रात्री सेवा सञ्चालनको लागि कर्मचारीहरूलाई चेन्जिङ्ग रूमको व्यवस्थापन गर्ने निर्णय गरियो ।